# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०७९।०८०

चलानी नं.: 638

मितिः २०७९।६।२

**संविधान दिवस मनाउने सम्बन्धी जरुरी सूचना !**

उपर्युक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।५।२६ च.नं. २०७९ को पत्रसाथ प्राप्त गृह मन्त्रालयको मिति २०७९।५।२२ च.नं. १५३ को पत्रबाट उल्लेख भई आए बमोजिम यही २०७९ असोज ३ गते संविधान दिवस मनाउने सम्बन्धमा यस नगरपालिकाबाट देहाय बमोजिम निर्णय भएकोले उक्त निर्णय र उल्लेखित परिपत्र समेतका आधारमा संविधान दिवस भव्य रुपमा मनाउन नगर क्षेत्रभित्र रहेका सबै कार्यालय, संघसंस्था, महाविद्यालय तथा विद्यालयहरु र नगरबासी दाजुभाइ दिदीबहिनीहरुमा बनेपा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

क) बनेपा नगरपालिका क्षेत्रभित्र असोज २, ३ र ४ गते सबै संघसंस्था, कार्यालय तथा नगरबासीहरुले दिपावली गर्ने ।

ख) राष्ट्रिय झण्डा फहराउने परम्परा र प्रचलन रहेका हरेक संघसंस्था तथा कार्यालयहरुमा असोज २ गते नै नयाँ राष्ट्रिय झण्डा राख्ने व्यवस्था मिलाउने ।

ग) बनेपा नरपालिका क्षेत्रभित्रका सबै कार्यालय, संघसंस्था, महाविद्यालय तथा विद्यालयहरुले संविधान दिवसमा केन्द्रित भएर हाजिरी जवाफ, अन्तरक्रिया, कविगोष्ठी, निबन्ध प्रतियोगिता, नाटक प्रदर्शन जस्ता प्रचारात्मक तथा सिर्जनशील कार्यक्रमहरु आयोजना गर्ने सूचना सम्प्रेषण गर्ने ।

घ) हरेक कार्यालय/संघसंस्था/महाविद्यालय/विद्यालयहरुमा संविधान दिवस सम्बन्धी विविध कार्यक्रमहरु आयोजना गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय/संस्थाको प्रमुखमा रहने ।

ङ) सबै कार्यालय तथा संघसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको जानकारी नगरपालिकालाई गराउने ।

संलग्नः गृह मन्त्रालयको मिति २०७९।५।२२ च.नं. १५३ को पत्रको छायाँ कपी ।

८७९।६।०२

शिवप्रसाद हुमेगाई

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९ साल असोज २ गते नेपालको संविधान दिवस २०७९ भव्यताका साथ मनाउने विषयमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यज्यूको अध्यक्षतामा बनेपा नगरपालिकामा बसेको छलफल बैठकको उपस्थिति निम्नानुसार रहेको छ ।

-::उपस्थिति::-

नगर प्रमुख श्री शान्तिरत्न शाक्य, बनेपा नगरपालिका

उपप्रमुख श्री विमला सापकोटा, बनेपा नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद हुमेगाई, बनेपा नगरपालिका

प्रशासकीय अधिकृत श्री ध्रुवराज नेपाल, बनेपा नगरपालिका

शिक्षा शाखा प्रमुख श्री शिवराज त्रिपाठी, बनेपा नगरपालिका

लेखा अधिकृत श्री निर्मल मुस्याजु, बनेपा नगरपालिका

स्वास्थ्य शाखा प्रमुख श्री शम्भुकुमार महतो, बनेपा नगरपालिका

राजश्व अधिकृत श्री विनोद हुमागाई, बनेपा नगरपालिका

योजना शाखा प्रमुख श्री संगम भुजेल, बनेपा नगरपालिका

महिला विकास शाखा प्रमुख श्री विजया सुवेदी, बनेपा नगरपालिका

इन्जिनियर श्री चन्दन ह्योजु, बनेपा नगरपालिका

कृषि शाखा प्रमुख श्री बच्चु बहादुर कार्की, बनेपा नगरपालिका

पशुसेवा शाखा श्री रामसुन्दर सापकोटा, बनेपा नगरपालिका

जिन्सी प्रमुख श्री अमिता कर्माचार्य, बनेपा नगरपालिका

-::निर्णय::-

१. संविधान दिवस २०७९ लाई राष्ट्रिय दिवसका रुपमा भव्यताका साथ सम्पन्न गर्न देहाय बमाजिमका कार्यक्रमहरु आयोजना गर्ने निर्णय गरियो ।

क) बनेपा नगरपालिका क्षेत्रभित्र असोज २, ३ र ४ गते सबै संघसंस्था, कार्यालय तथा नगरबासीहरुले दिपावली गर्ने ।

ख) राष्ट्रिय झण्डा फहराउने परम्परा र प्रचलन रहेका हरेक संघसंस्था तथा कार्यालयहरुमा असोज २ गते नै नयाँ राष्ट्रिय झण्डा राख्ने व्यवस्था मिलाउने ।

ग) बनेपा गनरपालिका क्षेत्रभित्रका सबै कार्यालय, संघसंस्था, महाविद्यालय तथा विद्यालयहरुले संविधान दिवसमा केन्द्रित भएर हाजिरी जवाफ, अन्तरक्रिया, कविगोष्ठी, निबन्ध प्रतियोगिता, नाटक प्रदर्शन जस्ता प्रचारात्मक तथा सिर्जनशील कार्यक्रमहरु आयोजना गर्ने सूचना सम्प्रेषण गर्ने ।

घ) हरेक कार्यालय/संघसंस्था/महाविद्यालय/विद्यालयहरुमा संविधान दिवस सम्बन्धी विविध कार्यक्रमहरु आयोजना गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय/संस्थाको प्रमुखमा रहने ।

ङ) सबै कार्यालय तथा संघसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको जानकारी नगरपालिकालाई गराउने ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०७९/८० च.नं. ५६२

मिति २०७९/०५/२६

**विषय : परिपत्र सम्बन्धमा ।**

श्री स्थानीय तह, सबै ।

प्रस्तुत बिषयमा गृह मन्त्रालयको मिति २०७९/०५/२२ च.नं. १५३ को पत्र यसै साथ संलग्न छ । सो पत्रमा उल्लेखित व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु/गराउनु हुन मिति २०७९/०५/२६ को निर्णयानुसार अनुरोध छ ।

मिरा आचार्य
उपसचिव

**बोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखाः **वेवसाइटमा अपलोड गर्नुहुन** ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

अत्यन्त जरुरी

नेपाल सरकार

# गृह मन्त्रालय

संविधान दिवस(राष्ट्रिय दिवस)
मूल समारोह समितिको सचिवालय

पत्र संख्याः- संविधान दिवस-२०७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १५३

सिंहदरबार,
काठमाडौं, नेपाल।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९०६८
दर्ता मितिः- ५।२६

मितिः- २०७९/०५/२२

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

**विषयः संविधान दिवस मनाउने सम्बन्धमा।**

सदाझैं संविधान दिवस, २०७९ यही असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस, २०७९ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा मिति २०७९।०५।२१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट पारित कार्यक्रम मुताविक तपशिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार सादर अनुरोध छ।

**तपशिल**

१. स्थानीय पालिकास्थित सबै सरकारी तथा सार्वजनिक कार्यालयहरुले राष्ट्रिय झण्डा एवं दिवस केन्द्रित ब्यानर सजाई कार्यालय र परिसर सरसफाई गर्ने,
२. पालिकावासी आमनागरिकहरु समेतलाई आ-आफ्ना घर, टोल एवं सार्वजनिक स्थलहरुको सरसफाई गर्न अनुरोध गर्ने,
३. स्थानीय पालिकाभित्र रहेका सरकारी कार्यालय एवं मण्डला, दरबार स्क्वायर जस्ता सार्वजनिक स्थलहरुमा साँझ दीप प्रज्ज्वलन तथा दीपावली गर्ने र पालिकावासी आमनागरिकहरु समेतलाई घर-घरमा दीपावली गर्न अनुरोध गर्ने,
४. पालिकाभित्र सञ्चालित स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट संविधानको महत्व सम्बन्धी रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरु प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाउने,
५. दिवस केन्द्रित रही अन्य सान्दर्भिक तथा उपयुक्त कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने।
६. जिल्लास्थित मठ-मन्दिर, बुद्धविहार, मस्जिद, गुरुद्वार, चर्च लगायत धार्मिक स्थानहरुमा पुजारी-धर्मगुरुबाट नित्य धार्मिक अनुष्ठान/सङ्कल्प गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तीको कामना एवं उच्च सम्मान तथा श्रद्धा प्रकट गर्दै पुजापाठ तथा प्रार्थना गर्ने।

भीमकान्त शर्मा
उपसचिव